# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २२ गते २०३१ साल

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

कन्चनपुर, बर्दिया र झापामा विश्व बैंकको ऋण सहायता कार्यक्रम अन्तर्गत १७५५० हेक्टर जग्गामा पुनर्वास कम्पनीद्वारा ७६०० परिवारहरू बसाउने सम्बन्धमा श्री ५ को सरकार र अन्तर्राष्ट्रिय विकास संस्थाको बीच सम्झौता भए अनुसार पुनर्वास आयोजना सन्चालन तथा कार्यान्वयनको लागि तपसीलमा उल्लिखित ४ किल्लाभित्रको जग्गा पुनर्वास विभागलाई हस्तान्तरण गर्ने श्री ५ को सरकारले मिति २०३१।८।६ मा निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कन्चनपुर जिल्लाको:–

उत्तर:– सिकालेपको जंगल, पुरेनाको आवादी, अर्मैयाको आवादी ।

दक्षिण:– खरैयाको जंगल, मटैयाको जंगल, पुनर्वासको आवादी ।

पश्चिम:– सिहाली नदी, शान्तिपुरको आवादी ।

पूर्व:– पुनर्वासको आवादी, सिमरीको आवादी ।

६०९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**बर्दिया जिल्लाको:–**

उत्तर:– गेमकोरिडोर जंगल, मधुवन गाउंको आवादी, मधुवन कुलो र ववई नदी ।

पूर्व:– पुरानो ववई (भावा) र हालको ववई नदीको दोभानबाट भादा किनार हुँदै गुजराना विचपुरुवा, सगाहा पुरुवा आदिको पुरानो आवादी ।

दक्षिण:– नेपाल भारत सिमाना ।

पश्चिम:– नेपाल भारत सिमाना ।

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकार
## वन मन्त्रालयको
### सूचना

यस मन्त्रालय अन्तर्गत वनस्पति विभागको अस्थायी रूपले खाली हुनआएको निर्देशक पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही विभागका उप–निर्देशक डा. श्री समरबहादुर मल्ललाई मिति २०२९।५।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

690

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।